# सशस्त्र प्रहरी बल
# कल्याणकारी सेवा केन्द्र

**परिचय :-**सशस्त्र प्रहरी बल कल्याण कोष २०५९ लाई सशस्त्र प्रहरी नियमावली २०६० को बि.सं.२०६५ साल चैत्र ३१ गतेको पाँचौ संशोधन भई नियमावलीको नियम १३२क मा “सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रको गठन र संचालन” सम्बन्धि व्यवस्था भई आएकोले सोही नियमावलीको नियम १३२क(२) बमोजिम सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रको संचालन सम्बन्धी कार्यविधि -२०६६ बि.सं.२०६६ साल श्रावण २७ गते नेपाल सरकार गृह मन्त्रालयबाट स्वीकृत भई विभिन्न कल्याणकारी तथा रचनात्मक कार्य संचालन र ब्यवस्थापन सम्बन्धि कार्यहरु गर्दै आईरहेको छ ।

सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रले सशस्त्र प्रहरी बलका वहालवाला तथा अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारी र कर्तब्य पालनाको शिलशिलामा वीरगति प्राप्त कर्मचारीका आश्रित परिवारहरुको शारीरिक तथा मानसिक बिकाश; खेलकुदमा उल्लेखनिय कार्य गर्ने बहालवाला तथा अवकाश प्राप्त कर्मचारीहरुको सम्मान; स्वास्थ्य, शिक्षा, आर्थिक एवं सामाजिक पक्ष, स्वरोजगार जस्ता कार्यक्रमहरुलाई संचालन गर्नुको साथै दैवी प्रकोप एवं विपत्तिको अवस्थामा विभिन्न सरोकारवाला संघ, संस्था, व्यक्तिहरुलाई राहत दिने, संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापनार्थ खटिई जाने सशस्त्र प्रहरी बलको "तयारी प्रहरी इकाई (United Nations Formed Police Unit)" स्थापनासँग सम्बन्धीत तयारी सामाग्रीहरु (Contingent Owned Equipments) को ब्यवस्थापन लगायतका कल्याणकारी कार्यहरु गर्दै आई रहेको छ ।

बि.सं. २०६७ साल श्रावण २० गते सशस्त्र प्रहरी बलको बृहत भेलामा आ.ब.२०६६/०६७ सालको बार्षिक प्रतिबेदन तथा आय व्यय विवरण सार्वजनिक गरी भविष्यमा गर्न सकिने कार्यक्रमको बारेमा छलफल समेत गरिएको थियो । आ.व. २०६५/०६६ सालको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.६९ करोड २६ लाख ९९ हजार चल अचल सम्पत्ती मौज्दात रहेकोमा यस आ.ब. मा रु.९१ करोड ९८ लाख २७ हजार ८ सय ४७ रुपैया ०१ पैसा चल अचल सम्पत्ती मौज्दात रहेको छ । यस मध्ये विभिन्न बैंकमा मौज्दात रहेको रकम रु.५९ करोड ३१ लाख ७५ हजार ८ सय ३६ रुपैया ३८ पैसा र अचल सम्पति, लगानी रु.३२ करोड ६६ लाख ५२ हजार १० रुपैया ६३ पैसा रहेको छ ।

**पेट्रोल पम्प संचालन तथा पेट्रोल ट्याङ्कर खरिद :-**सशस्त्र प्रहरी बलका सवारी साधनहरु एंव सर्वसाधारणका सवारी साधनहरुमा समेत शुद्ध इन्धन उपलब्ध गराई सेवा पुर्‍याउँने उद्देश्य तथा आयमूलक कार्यको लागि गुहेश्वरी फ्यूल स्टेशन भक्तपुर (२०६५ साल जेष्ठ २० गते), हलचोक फ्यूल स्टेशन स्वयम्भु (२०६६ साल मंसिर ३ गते), कालिका फ्यूल स्टेशन पोखरा (२०६६ साल चैत्र २९ गते) र देबकी ट्रेडस चितवन (२०६७ साल आषाढ ३२ गते) बाट संचालनमा रहेका छन । उक्त पेट्रोल पम्पहरुको लागि २० हजार के.एल.क्षमता भएको ४ वटा पेट्रोल ट्यांकरहरुको लागि चेसिस खरीद गरी ट्यांकर निर्माण कार्य सम्पन्न भई ट्यांकर संचालनमा आउने क्रममा रहेका छन् ।

**निर्जिवन दुर्घटना बिमा :-** बि.सं.२०६० साल कार्तिक ४ गते देखि कर्मचारीहरुको तलव भत्ताबाट बिमा प्रिमियम शुल्क कट्टी गरी १ (एक) बर्षे सामुहिक निर्जीवन दुर्घटना बिमा गरिदै आईरहेकोमा २०६६ साल आश्विनबाट कर्मचारीहरुको तलव भत्ताबाट कट्टी नगरी सेवा केन्द्रमा रहेको संचित रकमबाट प्रतिब्यक्ति रु.४००।- का दरले बिमा प्रिमियम शुल्क बुझाई सवै दर्जाका कर्मचारीहरुलाई समान रुपमा सेवा सुविधा दिलाउने उद्देश्यले २ लाख १५ हजार विमांकका दरले सेवा सुविधा उपलब्ध गराउन सामुहिक निर्जीवन दुर्घटना बिमा नविकरण गरिएकोमा यस वर्ष उक्त सुविधालाई बृद्धि गरी सशस्त्र प्रहरी बलको दरबन्दी संख्या ३१२६५ जनाको लागि प्रतिव्यक्ति रु.४९०।- का दरले प्रिमियम रकम सेवा केन्द्रबाट भुक्तानी गरी कर्मचारीहरुको दुर्घटनाबाट मृत्यू भएमा ३ लाख र दुर्घटनामा परी घाईते भएमा यथोचित उपचार खर्च पाउने व्यवस्था मिलाईएको छ ।

विमा सुविधा पाँउन कर्मचारीहरु डिउटी वा अन्य कामकाज गर्दा (घर विदा तथा अन्य विदाको अवस्था, ब्यक्तिगत कामकाज वा बिदेश सेवा समेत) को अवस्थामा दुर्घटनामा परि मृत्यु तथा घाईते भएको अवस्थामा समेत पाउँने सुविधाको लागि इकाई, ब्यक्ति र निजका आफन्तहरुले दुर्घटना भएको १५ दिन भित्र सेवा केन्द्रमा जानकारी गराउनु पर्नेछ । घटनाको जानकारी सेवा केन्द्र मार्फत बिमा कम्पनीलाई गराईने गरिएको छ, पुर्ण रुपमा उपचार समाप्त भए पश्चात आवश्यक कागजातहरु प्राप्त भए पछि बिमा दावीको लागि आवश्यक प्रकृया पुर्‍याई सेवा केन्द्र मार्फत बिमा कम्पनीमा उपचार फाईल पठाई विमांक रकम निकाशा गरिन्छ । यस बर्षको विमा नबिकरणमा प्रिमियम शुल्क बापत विमा कम्पनीलाई १ करोड ५३ लाख १९ हजार ८ सय ५० बुझाईएको छ ।

**नगद ऋण सुविधा :** सेवा केन्द्रले कर्मचारीहरुलाई आई पर्न सक्ने आर्थिक समस्याहरु समाधान गर्न टेवा पुर्‍याउने अभिप्रायले शुलभ ब्याजदरमा जस्तैः जग्गा/घडेरी खरीद, आवास खरिद/निर्माण, छोरा/छोरीलाई उच्च शिक्षा, आफ्नै वा आफ्नै छोरा/छोरीको विवाह, आफ्ना परिवार तथा सन्ततीले ब्यापार ब्यावसाय गर्ने लगायतका कार्यहरुमा संगठन प्रमुखको निर्देशन अनुरुप केही मात्रामा राहत तथा सहयोग मिलोस भन्ने उद्देश्यले यो कार्यक्रम

संचालन गरि सम्पूर्ण तहका कर्मचारीलाई आर्थिक राहत मिल्न जाने विश्वास लिएको छ । कर्मचारीहरुलाई उपलब्ध गराउने ऋणमा अचल सम्पत्ती धितो राख्ने वा रोक्का फुकुवाको आवश्यकता पर्ने छैन भने ऋण लिए बापत लाग्ने सेवा शुल्क लगायतका कुनै पनि थप आर्थिक भार पर्ने रकम सेवा केन्द्रलाई बुझाउनु पर्ने छैन । सशस्त्र प्रहरी बलमा १० वर्ष सेवा अवधि पुरा गरेका कर्मचारीहरुले ऋण लिनु पर्ने मनासिव कारण सहित ६ वटै बाहिनी र प्रधान कार्यालयमा आवश्यक कागजात सहित निवेदन दर्ता हुन आएमा बाहिनी तथा प्रधान कार्यालयको सिफारिसमा सेवा केन्द्रले तत्कालै सेवा छाड्दा पाउने औषधि उपचार, उपदान र संचित बिदा वापतको रकमको ७० प्रतिशत ऋण रकम ८.५० प्रतिशत बार्षिक व्याजदरमा उपलब्ध गराउने, ऋणको सांवा तथा व्याज चुक्ता गर्ने अवधि बढिमा ७ वर्षको हुनेछ ।

**मोटरसाईकल तथा ईलेक्ट्रोनिक्स सामानहरु किस्ताबन्दी ऋण कार्यक्रम :** सेवा केन्द्रद्धारा निश्चित अवधि सेवा पुरा गरेका सम्पूर्ण दर्जाका कर्मचारीहरुलाई कम मुल्य, कम ब्याजदर र छनौट अनुसारका मोटरसाईकल किस्ताबन्दी ऋणका लागि बजाज, यामाहा, होण्डा, हिरो होण्डा र टि.भि.एस.कम्पनीहरुसंग सम्झौता गरि मोटरसाईकलहरु आकर्षक नगद छुट सहित ७.७५ प्रतिशत ब्याजदरले बढीमा ३६ महिने किस्ताबन्दी ऋणमा उपलब्ध गराउदै आएको छ । यस योजनाबाट बैंक तथा फाईनान्स कम्पनीहरुबाट खरिद गर्दा भन्दा रु.११,०००।- देखि रु.२१,०००।- सम्म ब्याज तथा नगद छुट हुने हुँदा कम ब्ययभार पर्न गएको छ । सेवा केन्द्रले सहजकर्ताको रुपमा काम गरी किस्ताबन्दी ऋणमा विभिन्न घरायसी ईलेक्ट्रोनिक्स सामानहरु समेत उपलब्ध गराउदै आई रहेको छ ।

**क्रिया खर्च :** संगठनमा सेवारत रहँदाको अवस्थामा मृत्यु हुने कर्मचारीहरुलाई सेवा केन्द्रबाट प्रति ब्यक्ति १० हजार लाश सदगत तथा काजक्रिया खर्च उपलब्ध गराउदै आईरहेकोमा दशौं सशस्त्र प्रहरी दिवस २०६७ बाट बहालवाला कर्मचारीहरुको जुन सुकै कारणबाट मृत्यू भएमा निजहरुको आफन्तलाई रु.३० हजार लाश सदगत तथा क्रिर्या खर्च तत्काल उपलब्ध गराउने तथा यस दिवसबाट नै सुरुवात गरी पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुको मृत्यू हुँदा निजको आफन्तलाई तत्काल रु.१५ हजार नजिकको सशस्त्र प्रहरी बलको कार्यालयबाट उपलब्ध गराई रकमको सोधभर्ना सेवा केन्द्रबाट गरिने छ ।

## *बितेको १ वर्षको कार्य प्रगति*

- *संयुक्त राष्ट्र संघिय तयारी प्रहरी इकाई लाईवेरियाको लागि खरिद गरि पठाउन नसकिएका २ वटा सवारी साधनहरु लिलाम प्रक्रियाद्धारा रु.१ करोड ४४ लाखमा बिक्री गरि सेवा केन्द्रमा दाखिला गरिएको ।*
- *२ लाख १५ हजारको निःशुल्क निर्जिवन दुर्घटना विमा ।*
- *३ वटा पेट्रोल पम्पहरु संचालन सुरुवात ।*
- *४ थान २० हजार के.एल.का पेट्रोल ट्याकरहरु खरीद*
- *मोटरसाईकल किस्ताबन्दी ऋणमा समयानुकुल सुधार ।*
- *कर्मचारीहरुका २१ जना सन्ततीहरुलाई १० हजारका दरले छात्राबृत्ति प्रदान ।*
- *खेलाडीहरुलाई पुरस्कार प्रदान ।*
- *संयुक्त राष्ट्र संघिय तयारी प्रहरी इकाई हाईटी मिशन स्थापनार्थ आवश्यक सम्पूर्ण तयारी सामाग्रीहरु बोलपत्रको माध्यमबाट खरिद ।*
- *बिद्यालयलाई आर्थिक सहयोग ।*

**छात्रबृत्ती कार्यकम :-** प्रत्येक बर्ष प्रवेशिका परीक्षा (एस.एल.सी.) मा उत्कृष्ट अंक ल्याउने कर्मचारीहरुका सन्ततीहरुलाई जनही १० हजार रुपैयाको दरले छात्रबृत्ति प्रदान गरिदै आईरहेकोमा यस बर्षबाट सर्वोत्कृष्ट अंक ल्याई उत्तिर्ण हुने २८ जनालाई जनही १५ हजारका दरले ४ लाख २० हजार नगद पुरस्कार सहित प्रशंसा-पत्र प्रदान गरिएको छ ।

**खेलकुदमा योगदान :-**नेपाल एपिएफ क्लबबाट **"११ औं दक्षिण एसियाली खेलकुद प्रतियोगिता"**मा पदक जिती राष्ट्रिय गौरवलाई उच्च राख्ने खेलाडीहरुलाई सेवा केन्द्रले हौसला एवं मनोबल उच्च राख्ने अभिप्रायले नगद पुरस्कार स्वरुप रु.७ लाख ३५ हजार प्रदान गरेको छ ।

**ब्याज आम्दानीमा बृद्धिः-** सेवा केन्द्रसंग रहेको अमेरिकी डलर तथा नेपाली रुपैयाको बिगत बर्षहरुमा भन्दा बैकहरुसंग समन्वय एवं सहकार्य गरि ब्याजदरमा समेत बृद्धि गराई सेवा केन्द्रको आयमा उल्लेख्य बृद्धि गरि यस बर्षमा ब्याजबाट मात्र ४ करोड सम्मको आम्दानी गर्न सकिने विश्वास लिएको छ ।

**लाईबेरिया मिशन ब्यवस्थापन :-** संयुक्त राष्ट्र संघको अनुरोधमा सशस्त्र प्रहरी बलबाट फर्मड पुलिस युनिटको रुपमा लाईवेरियामा शान्ति स्थापनार्थ खटिईएको २ टोलीका लागि आवश्यक सम्पूर्ण ब्यवस्थापन खर्च सेवा केन्द्रबाट गरिदै आएको छ भने सो वापत मिशनबाट सोधभर्ना रकम प्राप्त हुने गरेको छ । मिशनबाट फिर्ता भए पछि कर्मचारीहरुको पारिश्रमिक वापत प्राप्त हुने रकमबाट १५ प्रतिशत कट्टी गरिदै आएकोमा दशौं सशस्त्र प्रहरी दिवस २०६७ बाट सबै एफ.पि.यु.मिशनहरुलाई १० प्रतिशत कायम गरिएको छ भने खटिई जाने अधिकृतहरुले मिशनमा कार्य जिम्मेवारीको नियूक्ति अनुसार संयूक्त राष्ट्र संघबाट प्राप्त हुने थप रकम समेत प्राप्त गर्ने छन् । आ.व. ०६६/०६७ को अन्त्य सम्ममा मिशनबाट खर्च सोधभर्ना स्वरुप रु.८६ करोड ९५ लाख ६९ हजार तथा कर्मचारीको पारिश्रमिक स्वरुप रु. १ अर्ब ३८ करोड ९५ लाख ८४ हजार गरी जम्मा रु.२ अरव २५ करोड ९१ लाख ५३ हजार प्राप्त भई सकेको छ । सशस्त्र प्रहरी कर्मचारीहरुलाई रु.१ अरब १८ करोड ११ लाख ४७ हजार बितरण गरिएको र स्थापना कालदेखि मिशनको सम्पूर्ण ब्यवस्थापन खर्च, मेडल परेड खर्च तथा कमाण्डर भैपरी खर्चमा समेत जम्मा रु.३४ करोड ८६ लाख ४३ हजार खर्च भई रु.७२ करोड ९३ लाख ६३ हजार बचत भएको छ ।

**हाईटी मिशन ब्यवस्थापन :-** संयुक्त राष्ट्र संघको अनुरोधमा सशस्त्र प्रहरी बलबाट शान्ति स्थापनार्थ नयाँ स्थापना हुने फर्मड पुलिस युनिट हाईटी तर्फ खटिई जाने १६० जना कर्मचारीहरुको मिशन ब्यवस्थापनको लागि आवश्यक पर्ने विभिन्न सामानहरु सिलबन्दी बोलपत्रको माध्यमद्धारा खरीद गर्ने कार्य भई रहेको, मिशनको स्थापनाबाट राज्यको परराष्ट्र नीतिलाई सहयोग मिल्ने, राष्ट्रले बैदेशिक मुद्रा आर्जन गर्ने, कर्मचारीहरुको व्यक्तिगत जिविकोपार्जनमा सहयोग मिल्ने, विश्व शान्ति स्थापनामा योगदान पुग्ने, कर्मचारीहरुले विभिन्न राष्ट्रका सुरक्षाकर्मीहरुसंग सहकार्य गरि पेशागत ज्ञान, सिप, कला अनुभव आर्जन गर्ने अवसर प्राप्त गर्ने तथा कार्य क्षेत्रको नयां अनुभवलाई तालीमको रुपमा लिई राष्ट्रिय सेवामा समेत टेवा पुग्ने विश्वासका साथ संगठन प्रमुखज्यूले यस मिशनलाई राष्ट्रको ईज्जतको रुपमा लिई नमूना मिशन बनाउने उद्देश्य लिए अनुरुप मिशन ब्यवस्थापन कार्य सोही अनुरुप सम्पन्न भई रहदा सर्बत्र प्रशंसा भई रहेको छ । मिशनको सम्पूर्ण तयारी पूरा भई नसकेकोले अन्दाजी २८ करोडमा प्रिफेब्रिकेटेड हाउस (Contingent Owned Prefab House/Ablution Units) तथा फिल्ड फोर्टिफिकेसन सहित सम्पन्न हुने विश्वास गरिएको छ ।

**बिद्यालय संचालन :-** कर्मचारी एवं सर्वसाधारणका सन्ततीहरुलाई समेत गुणस्तरीय शिक्षा प्रदान गर्ने अभिप्रायले बि.सं.२०६३ साल बैशाख महिना देखि नेपाल एपिएफ स्कुल संचालनमा ल्याई स्कुलको पूर्वाधार ब्यवस्थापन तथा संचालनको लागि आवश्यक पर्ने रकम सेवा केन्द्रबाट ब्यवस्था गरिदै आएको छ । कर्मचारीहरुका सन्ततीहरुलाई न्यून शुल्कमा अध्यापन गराउन विद्यालय संचालनमा नपुग हुने रकम सेवा केन्द्रले स्कुलको नाममा ५ करोड रुपैयाको १२ प्रतिशत ब्याजदरमा मुद्दती खाता खोली ब्याज रकम जम्मा हुने व्यवस्था मिलाई हाल सम्म १ करोड ७८ लाख ५० हजार ८ सय १ प्रदान गरिएको छ भने यस बर्ष स्कुलको स्तरोन्नतको लागि भौतिक संरचना थप विस्तार गर्ने लक्ष्य राखिएको छ ।

## *यस वर्षको लक्ष्य*

- *पूर्व क्षेत्रमा पेट्रोल पम्प स्थापना ।*
- *२ लाख १५ हजारबाट बृद्धि गरि ३ लाखको निःशुल्क निर्जिवन दुर्घटना विमा ।*
- *सुलभ व्याजदरमा नगद ऋण सुविधा ।*
- *ईलेक्ट्रोनिक्सका सामानको किस्ताबन्दीमा सुधार*
- *बहालवाला कर्मचारीको मृत्यू भएमा १० हजार क्रिया खर्चबाट बृद्धि गरि ३० हजार गरिएको ।*
- *अवकाश प्राप्त कर्मचारीको मृत्यू भएमा १५ हजार क्रिया खर्च दिने सुरुवात ।*
- *कर्मचारीहरुका २८ जना सन्ततीहरुलाई १५ हजारका दरले छात्राबृत्ति ।*
- *व्याज आम्दानीमा उल्लेखनिय बृद्धि ।*
- *एफपियू मिशनको पारिश्रमिक बितरण गर्दा कट्टी गरिने रकममा ५ % कम गरि थप सुबिधा प्रदान ।*
- *बिद्यालयको भौतिक संरचना थप ।*
- *अशक्त कर्मचारीलाई ५० हजारका दरले १३ जनालाई राहत सहयोग प्रदान ।*
- *अवकाश हुँदा क्लोदिङ्ग फण्डबाट प्रति सेवा बर्ष १ हजारका दरले थप सुबिधा दिईने ।*
- *नेपाल पूर्व सशस्त्र प्रहरी संघलाई रु.२० लाखको अक्षयकोष स्थापना ।*

**अशक्त कर्मचारीलाई कदर पत्र तथा पुरस्कार :**
सशस्त्र प्रहरी बलको स्थापना काल देखि हाल सम्म राज्यमा शान्ति सुव्यवस्था कायम गराउन अहोरात्र खटिई कर्तब्यपालनाको शिलशिलामा अशक्त भएका र अशक्त अवकास भई सकेका कर्मचारीहरुको उत्कृष्ट कार्यको उच्च मूल्याङ्कन गर्दै मनोबल उच्च राख्न दशौं सशस्त्र प्रहरी दिवश २०६७ को अवसरमा १३ जनालाई जनही रु.५० हजार नगद राहत र कदर पत्र प्रदान गरिएको छ ।

**क्लोदिङ्ग फण्ड संचालन :-**
कर्मचारीहरु सेवा अवकाश हुँदा एकमुष्ट रकम फिर्ता पाउने गरी क्लोदिङ्ग भत्ताबाट कट्टी गरि इकाईहरुमा जम्मा रहेको ४ करोड २२ लाख ३८ हजार  मौज्दात रहेको रकमलाई सेवा केन्द्रमा जम्मा गरी सशस्त्र प्रहरी बलबाट संयुक्त राष्ट्र संघिय फर्मड पुलिस युनिटको स्थापनार्थ लाईवेरियामा खटिई जानको लागि आवश्यक मिशन ब्यवस्थापन तयारी गर्न सेवा केन्द्रमा रकम मौज्दात नभएको अवस्थामा उक्त रकमबाट मिशन स्थापना गरिएको थियो । संयुक्त राष्ट्र संघबाट प्राप्त सोधभर्ना रकमबाट उक्त रकमलाई क्लोदिङ्ग फण्डमा सोधभर्ना गरीएको थियो । यस आ.व. सम्ममा ब्याज आम्दानीबाट जम्मा रु. ८ करोड ४७ लाख ५० हजार भएकोमा सेवाबाट अवकाश प्राप्त कर्मचारीहरुलाई रु.४३ लाख ५५ हजार फिर्ता गरी रु.८ करोड ३ लाख ९६ हजार मौज्दात रहेको छ ।

क्लोदिङ्ग फण्डको रकम फिर्ता गर्ने प्रचलनलाई कायम राखी उक्त फण्ड र सेवा केन्द्र समेतको थप रकम परिचालन गरी व्याजको केही प्रतिशत मात्र खर्च गर्दा सशस्त्र प्रहरी बलबाट अनिवार्य अवकाश, पेन्सन भई कर्मचारीहरु सेवानिबृत्त हुने, अशक्त अवकाश र बहाल रहदाको अवस्थामा जुनसुकै कारणबाट मृत्यू भएका कर्मचारीहरुलाई दशौं सशस्त्र प्रहरी दिवस २०६७ बाट सबै दर्जाका कर्मचारीहरुलाई समान रुपमा प्रति सेवा वर्षको रु.१ हजारका दरले सेवा अवधि अनुसार सेवा छाड्दा एकमुष्ट रकम प्रदान गरिने छ । जसले कर्मचारीहरुलाई दिर्घकालिन सेवा गर्न प्रेरित गर्नेछ ।

**नेपाल पूर्व सशस्त्र प्रहरी संघसंग हातेमालो :** अग्रजहरुले यस संगठनमा वगाएको रगत र पसिनाको सम्मान एवं कदर गर्दै अग्रजहरुको अथक प्रयासको फल स्वरुप नेपाल पूर्व सशस्त्र प्रहरी संघ स्थापना भएको वर्तमान परिपेक्षमा अग्रजहरुको योगदान समेतको स्मरण गर्दै सेवा केन्द्रको कार्यबिधि अनुसार नेपाल पूर्व सशस्त्र प्रहरी संघलाई व्यवस्थित तरिकाले संचालन गर्न केही मात्रामा भए पनि टेवा पुऱ्याउने उद्देश्यले दशौं सशस्त्र प्रहरी दिवस २०६७ को अवसरमा सेवा केन्द्रबाट रु.२० लाख रुपैयाको अक्षयकोष रकम उपलब्ध गराएको छ । त्यस्तै पुर्व सशस्त्र प्रहरी कर्मचारीहरुको मृत्यू भएमा आफ्ना सन्ततीले १५ हजार क्रिया खर्च पाउने, छात्रवृत्तिमा बहालवाला सरहको सहभागिता, नेपाल एपिएफ स्कूल र नेपाल एपिएफ अस्पतालमा सुविधा उपलब्ध गराईएको छ ।